# रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

**प्रमाणिकरण र प्रकाशित मिति २०८०।१०।२८**

मत्स्य पालन नेपालको प्रमुख नगदे बालीको रुपमा स्थापित भएको छ । रेन्बो ट्राउट माछा पालन प्रविधिको विकास एवं विस्तारबाट मध्य तथा उच्च पहाडी क्षेत्रमा विद्यमान रहेका चिसोपानीका अनेक स्रोतहरुको उपयोगबाट ग्रामीण समुदायको आम्दानी र रोजगारी बृद्धिको अतिरिक्त थप खाद्य सुरक्षाको सुनिश्चितता गर्न सकिन्छ । माछापालन व्यवसाय प्रति अजिरकोट गाउँपालिकाको आम कृषक समुदाय तथा युवा जनशक्तिहरुको बढ्दो चाहाना र तेस चाहानालाई मध्यनजर गर्दै गाउँपालिकाको तर्फबाट थप प्रोत्साहन सहित स्वरोजगार सृजना एवं बेरोजगार र युवाहरुलाई रोजगार प्रदान गर्दै मानव स्वास्थ्यका लागि आवस्यक पर्ने प्रोटिनको आपूर्ति गरि बढ्दो कुपोषणलाई समेत न्यूनीकरण गर्नमा सघाउ पुर्याउनुका साथै बहिर्गमित अर्थतन्त्रलाई विस्थापित गर्न सकिने कुराको हेक्का राखी यस कार्यक्रमलाई सहज, सरल, प्रभावकारी र पारदर्शी रुपले संचालन गर्न अजिरकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने एन..

## परिच्छेद १
## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रम कार्यविधि २०८०"हुनेछ ।

(ख) यो कार्यविधि अजिरकोट गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यक्रम" भन्नाले रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ख) "साझेदार" भन्नाले कार्यक्रम संचालनका लागि तोकिएको शर्तहरु पालन गर्ने गरि साझेदारी गर्न तयार व्यवसायिक संघ/संगठन/ सहकारी/ कृषक सम्झनु पर्दछ ।

(ग) "साझेदारी" भन्नाले कार्यक्रम संचालनका लागि अख्तियार प्राप्त कार्यलय र साझेदारका बीच द्विपक्षीय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

(घ) "अनुदानग्राही" भन्नाले कार्यक्रम कार्यन्वयनका सन्दर्भमा अनुदान प्राप्तिका लागि छनौट भै द्विपक्षीय/वहुपक्षिय सम्झौता भएका साझेदार भन्ने बुझ्नुपर्दछ ।

(ङ) "द्विपक्षीय/वहुपक्षिय सम्झौता" भन्नाले सम्बन्धित कार्यलय र साझेदारका बीच कार्यक्रम सम्पन्न गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(च) "प्रस्तावक" भन्नाले अनुदान कार्यक्रममा भाग लिने उद्धेश्यले प्रस्ताव पेश गर्ने व्यवसायिक निजि कृषक/उद्यमी सहकारी संघ/ संस्था व्यावसायिक संघ/संगठन तथा समेतलाइ जनाउँदछ ।

(छ) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यलयले कार्यक्रम कार्यन्वयन गर्ने सिलशिलामा जारि गरेको सार्बजनीक सूचना मुताविक प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणापत्र र अन्य आवस्यक कागजातहरुलाइ समेत जनाउंदछ ।

(ज) "प्रस्ताव मुल्यांकन तथा सिफारिस समिति" यसै कार्यविधिको दफा बमोजिम गठन भएको समितिलाइ जनाउदछ

(झ) "स्थानीय तह" भन्नाले अजिरकोट गाउँपालिका भन्ने बुझ्नु पर्दछ । स्थानीय तह (पशु सेवा शाखा) भन्नाले अजिरकोट गाउँपालिका पशु सेवा शाखा बुझ्नु पर्दछ ।

**३. कार्यक्रम सञ्चालनको लक्ष्य एवं उद्देश्य**

रेन्बो ट्राउट माछा फर्म स्थापना गरि रेन्बो ट्राउट माछा पालनको क्षेत्र बिस्तार गरि माछाको उत्पादन बढाई गाउँपालिकालाई माछाबाट आत्मनिर्भर गराउनुको साथै पौष्टिक आहारको उपलब्धता वृद्धि गर्ने र माछाको आयातलाइ क्रमश न्यूनीकरण गरि खाद्ध तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्था

**४. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु)**

- व्यवसायिक निजि कृषक/उद्यमी
- कृषक समुह/समिति
- सहकारी संघ/ संस्था
- फर्म/कम्पनि
- व्यवसायिक संघ/संगठन

**५. अनुदान रकम उपयोग गर्न सकिने कार्यहरु**

- ट्राउट माछापालनको लागि रेज्वे निर्माण
- ट्राउट माछापालनको नर्सरी व्यवस्थापन
- नयाँ माछापोखरी निर्माण
- पुरानो पोखरी मर्मत संभार
- थप अन्य संरचना आवस्यकता अनुसार

**६. कार्यक्रम संचालन हुने वडाहरु**

- ट्राउट माछापालनका लागि सम्भावित र उपयुक्त सबै वडाहरुमा संचालन हुनेछ ।

## ७. कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व

- कार्यक्रम कार्यन्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट अनुगमन र सम्झौता, भुक्तानी सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अजिरकोट गाउँपालिका कार्यलयको हुनेछ ।
- सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र उच्च गुणस्तर सहित सम्पन्न गर्ने दायित्व सम्बंधित साझेदारको हुनेछ ।
- साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवस्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।
- अनुदानग्राहीले कार्यक्रम संचालन को प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

**८. कार्यक्रम कार्यान्वयन प्रकृया :** यो कार्यक्रम देहायबमोजिम संचालन गरिने छ ।

- सम्बन्धित कार्यलयले स्वीकृत बार्षिक कार्यक्रम मुताविक अनुसूची-१ १५ दिनको सार्बजनिक सूचना प्रकाशन गरि प्रस्ताव आव्हान गर्नेछ ।
- कार्यक्रम सहभागी हुन इच्छु प्रास्तावकहरुले अनुसूची-२ बमोजिम आवेदा, अनुसूची-३ बमोजिम व्यवसाय योजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिवद्दता, अनुसुची-५ बमोजिम स्वघोषणा पत्र र अन्य सान्दर्भिक कागजातहरु राखी निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा आवेदन दर्ता गराउनुपर्ने छ।
- दफा ७ को उपदफा मुताविकको सुचनाको आधारमा नं (१) निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।
- रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन ।
- प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भ्रिफिकेशन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताब मूल्यांकन तथा सिफारिस हुनेछ ।
- कार्यक्रम कार्यान्वयन मूल समिति निम्न अनुसार गठन हुनेछ ।

(क). **अजिरकोट गाउँपालिका अध्यक्ष वा नीजले तोकेको पदाधिकारी - संयोजक**

**(ख) अजिरकोट गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत -सदस्य**

**(ग) अजिरकोट गाउँपालिका आर्थिक विकास समिति संयोजक - सदस्य**

**(घ) अजिरकोट गाउँपालिका योजना तथा अनुगमन शाखाको प्रमुख -सदस्य**

**(ङ) अजिरकोट गाउँपालिका पूर्वाधार शाखा प्रमुख वा नीजले तोकेको पदाधिकारी -सदस्य**

**च) अजिरकोट गाउँपालिका पशु विकास शाखा प्रमुख -सदस्य सचिव**

- प्रस्ताव मुल्यांकन तथा सिफारिस समितिले प्राबिधिक टोलि परिचालन गरि अनुसूची-६ फिल्ड भेरिफिकेशन गर्न सक्नेछ ।

- प्रस्ताव मुल्यांकन तथा सिफारिस समितिले अनुसूची-७ बमोजिम प्रस्तावहरुको मुल्यांकन गरि प्राथामिकरण सहितको सुची स्वीकृतिका लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।
- सम्बन्धित कार्यालय प्रमुखको स्वीकृति पश्चात छनौट भएका र वैकल्पिक प्रस्तावहरुको नामावली र सम्बन्धित कार्यालयको सुचना पाटीमा सुचना टाँस गरि वा कुनै पनि संचार माध्यमबाट जानकारी गरिनेछ ।

## ९. सम्झौता

क) स्वीकृत प्रस्तावका आवेदकलाई सम्बन्धित कार्यालयले अनुसूची-९ बमोजिम सम्झौता गर्नेछ ।

ख) तोकिएको अवधि भित्र द्धिपक्षिय सम्झौता हुन नसकेमा विकल्पिक प्रस्तावकसंग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ग) द्धिपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

## १०. अनुदान प्रवाहका शर्तहरु

क) प्रचलित कानुन बमोजिम दर्ता भएका व्यवसायिक कृषक/समुह/सहकारी/समिति/फर्म/कम्पनि यो कार्यक्रमको लागि योग्य हुनेछ ।

ख) प्राविधिक लागत अनुमानको आधारमा उपयुक्त रेज्वे निर्माण हुनुपर्नेछ । साथै अन्य आवस्यक रेन्बो ट्राउट माछा पालनका संरचना प्राबिधिक स्टेटमेन्टका आधारमा निर्माण गर्नु पर्नेछ ।

ग) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

घ) लिजको जग्गा भएमा जग्गा धनि संग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

ङ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरण, प्राबिधिक, वित्तीय र भौगोलिक रुपले समेत उपयुक्त पर्नेछ ।

च) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारवाही हुनेछ ।

छ) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रास्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाइ मूल्यांकन समाबेश गरिने छैन ।

ज) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

झ) प्रस्तावकले लागतको कम्तिमा ४०% लागत साझेदारी गर्ने गरेको हुनु पर्नेछ ।

ञ) अनुदानग्राहीले अनिवार्य रुपमा मत्स्य बिमा गरेको हुनु पर्नेछ ।

## ११. अनुगमन तथा मूल्यांकन व्यवस्थाः

क) आवस्यकता अनुसार सरोकारवालाहरु बाट र भुक्तानी प्रायोजनको लागि प्राविधिक टोलिहरुबाट कार्यक्रमको अनुगमन/मुल्यांकन गर्न सकिनेछ ।

ख) अनुदानको उपायोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरु पालन गरेको/ नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

ग) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवस्यकता अनुसार निर्देशन दिन सक्नेछ, यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यन्वयन गर्ने संस्थाको कर्तव्य हुनेछ ।

घ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्बजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

## १२. भुक्तानी प्रक्रिया :

क) सम्बन्धित साझेदारले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरि नियमानुसारको सम्पन्न भएका कामहरुको अनुदान रकम साझेदारको बैंक खातामा भुक्तानी दिइने छ ।

ख) भुक्तानी गरिने रकमबाट प्रचलित नियमानुसार कन्टीनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलब्ध गराइनेछ ।

ग) साझेदारले व्यहोर्ने घटीमा ४०% साझेदारी रकममा जम्मा र चालु खर्च वापतको रकम समावेश हुनेछैन ।

घ) अन्तिम भुक्तानीका लागी आवश्यक विल/विजक, प्राविधिकले तयार गरेको प्राबिधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा प्राविधिकको स्थलगत निरिक्षण प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

ङ) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सार्बजनिक सुनुवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानिका समयमा कार्यु सम्पन्न प्रतिवेदन सहित समबन्धित कार्यलयमा पेश गर्नु पर्नेछ ।

# परिच्छेद ३

# विविध

## १३. आर्थिक प्रशासन सेवा

कार्यक्रमको लेखा, लेखांकन र लेखा परिक्षण ऐन, नीति नियम बमोजिम हुनेछ ।

## १४. प्रचलित कानुन लागु हुने

कार्यक्रम कार्यान्वयनको समबन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकम प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)**

क) कार्यविधि कार्यान्वयनका सन्दर्भमा अजिरकोट गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

ख) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन नभएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

ग) कार्यविधिलाइ आवस्यकता अनुसार अजिरकोट गाउँपालिकाको कार्यपालिकाको बैठकबाट खारेजी वा संशोधन गर्न सक्नेछ ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन गर्दा पुरा गर्नुपर्नै शर्तहरु

१. यो कार्यक्रम सञ्चालन गर्ने अजिरकोट गाउँपालिकाले सम्बन्धित क्षेत्रका ट्राउट माछापालन गर्न चाहने र ट्राउट माछापालन गरी रहेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन माग गर्न **पन्ध्र दिने** सूचना ( अनुसूची १ बमोजिम) प्रकाशित गरी आवेदनहरु ( अनुसूची २ बमोजिम ) माग गर्नेछ ।

२. यसरी प्रकाशित भएको सूचनाका आधारमा इच्छुक नेपाली नागरिकहरुले आफ्नो विस्तृत कार्य योजना ( अनुसूची ३ बमोजिम ) सहित आवेदन दिनु पर्नेछ ।

३. अजिरकोट गाउँपालिकामा प्राप्त हुन आएका आवेदनहरुको प्राविधिक पक्ष, सम्भाब्यता अध्ययन र कार्य योजनाहरुको मूल्यांकन, मुल्यांकन समुहले गर्नेछ ।

४. कार्यक्रम कार्यान्वयन मूल समितिले कार्य योजनाहरुको अन्तिम छनोट गर्दा स्थलगत सम्भाब्यता अध्ययन र सल्लाह सुझावहरुलाई आधार बनाउनु पर्नेछ ।

## परिच्छेद ५

## विविध

१. प्रचलित कानुन लागु हुनेः अजिरकोट गाउँपालिकाबाट पारित भएको कार्यविधिका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

२. अनुसुचीमा हेरफेर गर्न सक्नेः यस कार्यविधिमा संलग्न अनुसुचीहरु अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाबाट आवश्यकताका आधारमा परिमार्जन गर्न सकिनेछ ।

४. खारेजी तथा संशोधनः अजिरकोट गाउँपालिकाबाट आवश्यकता अनुसार यस कार्यविधिमा विधिपुर्वक संशोधन तथा खारेजी गर्न सक्नेछ ।

५. सम्पूर्ण कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात्कार्यक्रम कार्यान्वयन मूल समितिको सिफारिसमा भुक्तानी दिइनेछ ।

६. रकम भुक्तानी गर्दा सम्बन्धीत व्यवसायीको बैंक खातामा भुक्तानी दिइनेछ ।

७. यस कार्यविधि अनुसार प्राविधिक कार्यहरुको लागि दैनिक तथा भ्रमण खर्च अजिरकोट गाउँपालिकाले ब्यहोर्नु पर्नेछ ।

८. अजिरकोट गाउँपालिका रेन्बो ट्राउट विकास कार्यक्रम अन्तर्गत उल्लेखित कार्यक्रम सम्पन्न गरे बापत कृषक/समूह/सहकारीलाई देहाय बमोजिम अनुदान रकम अजिरकोट गाउँकार्यपालिकाको कार्यालय - पशु सेवा शाखा बाट अन्तिम प्रतिवेदन लिएपछि भुक्तानी दिइनेछ ।

९. भुक्तानी विधि निम्नानुसार हुनेछ

- रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रम सम्पन्न गर्नका लागि आवस्यक पूर्वाधार, जलश्रोत, माछाको भुरा, प्राशासनिक खर्च आदि कार्यक्रमको प्रकृति अनुरुप गाउँकार्यपालिकाको प्रचलित नियमानुसार भुक्तानी हुनेछ ।

## अनुसूची-१

## रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रम प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/

स्थानीय सरकार अजिरकोट गाउँपालिका पशुपन्छी सेवा शाखाको आ.व. २०८०/.... को स्वीकृत वार्षिक कार्यक्रम मुताविक देहायको कार्यक्रम संचालनका लागि "सम्बन्धित कार्यक्रम संचालन निर्देशिका/ कार्यविधि २०८०" ले तोकेको बमोजिमका शर्तहरु पालना गरि साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र.........मा प्रस्ताव दर्ता गर्नुहुन् यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन् आएका प्रस्तावहरु छानौटका लागि समाबेश हुन् नसक्ने व्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराइन्छ । थप जानकारीका लागि .......................फोन नं. .........................मा सम्पर्क राख्न वा...........वेभसाइट बात मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" डाउनलोड गर्न सकिने छ ।

### कार्यक्रम विवरण

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट | साझेदार संस्थाले ब्यहोर्नुपर्ने रु. | जम्मा बजेट | अनुदानबाट गर्नुपर्ने कार्यहरु | प्रशताव पेश गर्न सक्ने साझेदारहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

# अनुसूची-२

## आवेदन

श्री............

..........................

बिषयः प्रस्ताव पेश गरिएको बारे ।

तहाँ गाउँपालिकाको मिति.............को प्रकाशित सूचना मुताविक मा निवेदकले लागत साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक भइ आवश्यक कार्वाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको दस्तखत

मितिः

सम्पर्क नंः

प्रस्तावकको नाम र थर :
स्थायी ठेगानाः
प्रस्ताविक कार्यक्रमको नामः
कार्यक्रम संचालन हुने स्थानको पुरा ठेगानाः
संलग्न कागजातहरुको सुची

| क्र.स. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |

# अनुसूची ३

## रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रमका लागि पेश गर्ने कार्य योजना

| | |
|---|---|
| १. कृषक/व्यवसायी/निजिफार्म/समुह/सहकारी/कम्पनीको नामः | |
| २. ठेगानाः | ३. लिंगः |
| ४. परियोजनाको क्षेत्रफ़लः | ५. परियोजना स्थलः |
| ६. शैक्षिक योग्यताः | |
| ७.मत्स्य व्यवसाय सम्बन्धि तालि लिएको भयः | |
| क. तालिम लिएको वर्षः | ख. आवधि................देखि.......................सम्म |
| ग. तालिम प्रदान गर्ने संस्थाः | |

## ८. पोखरी निर्माणको विवरण

| पोखरीको किसिम | संख्या | क्षेत्रफल (हे.) | अनुमानित लागत (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

## ९. उत्पादन अनुमानः

| विवरण | इकाई | परिमाण | बिक्रि दर (रु.) | अनुमानित आय (रु.) |
|---|---|---|---|---|
| खाने माछा | | | | |
| भुरा माछा | | | | |
| तरकारी, फलफुल | | | | |
| पशुजन्य पदार्थ | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

## १३. अन्य नयाँ सोच केहि भए उल्लेख गर्नुहोसः

.......................................................................................................................................

........................................................................ प्रस्तावकको

नाम थरः

ठेगाना :

दस्तखत : संस्थाको छाप (संस्थाको हकमा)

मिति : सम्पर्क नं

## अनुसूची-४

## रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रमका लागत साझेदारीको प्रतिबद्धता

अजिरकोट गाउँपालिका मिति........................को ........................मा प्रकाशित सुचना अनुसार................ अजिरकोट गाउँपालिका..............नं. वडा ..................गाउँ/टोल स्थायी ठेगाना भएको श्री......................ले लागत साझेदारीमा ..........................कार्यक्रम संचालन लागि पेश गरेको कार्ययोजना अनुसार अनुमानित कुल लागत रु. .............को ....................प्रतिशतले हुन् आउने रु..............अक्षरुपि ....................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु।

निवेदकको दस्तखतः

नामः

मितिः

संस्थाको छाप

| बायाँ | दायाँ |
| --- | --- |
| | |

# अनुसूची-५

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

अजिरकोट ............को मिति ..............को ...................मा प्रकाशित सुचना अनुसार ...................गाउँपालिका .........नं. वडा..........गाउँ/टोल स्थायी ठेगाना भएको श्री.........................ले लागत साझेदारीमा.........................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि बिगत ३ बर्ष भित्र संघीय सरकार वा प्रदेश मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्वघोषाणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

निवेदकको दस्तखतः

नामः

मितिः

संस्थाको छाप

| बायाँ | दायाँ |
|---|---|
| | |

## अनुसूची-६

## स्थलगत प्रमाणिकरण मुल्यांकनफारम

### क) सामान्य जानकारी

१. जिल्लाः
२. आवेदनको नामः
३. स्थायी ठेगानाः
४.प्रस्तावित कार्यक्रमको नामः
५. कार्यक्रम संचालन स्थलको ठेगानाः
६.स्थलगत प्रमाणिकरण मितिः
७. स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीको विवरणः

| **क्र.स.** | **पदाधिकारीहरुको नाम** | **पद** | **सहि** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

### ख) आवेदकको मूल्यांकन

| **क्र.स.** | **मूल्यांकन सूचकहरू** | **प्रमाणीकरणमा भेटिएको अवस्था र भार** | **प्राप्तांक** |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपलब्ध हुनसक्ने संभावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति नपुग्ने अवस्था छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो,पानि,बिजुलीको सुविधा छ/छैन | | |

| | | | |
|---|---|---|---|
| १.६ | भौगोलिक हिसाबले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| **२** | **प्राविधिक क्षमता** | **१५** | |
| २.१ | प्रस्ताविक कार्यक्रमसंग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/ छैन | | |
| ३ | वित्तीय क्षमता | १५ | |
| ३.१ | आवेदक लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्थामा छ/छैन | | |
| ३.२ | बैन मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| **४** | **वातावरणीय उपयुक्तता** | **१०** | |
| ४.१ | प्रस्ताविक कार्यक्रम कार्यन्वयन गर्दा स्थानीय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्ताविक कार्यक्रमले वातावरणमा नकारात्मक असर नपुग्ने अवस्था छ/छैन | | |
| **५** | **अन्य पक्षहरु** | **२०** | |
| ५.१ | संस्थागत/व्यवसायीक क्रियाशीलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नवीकरण/क चुक्ता/अडिट आदि अध्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन् सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन् सक्ने अवस्था छ/छैन | १० | |
| ६ | स्थलगत टोलीको राय | | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोटः उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरान सकारात्मक अवस्था भेटिय ५ अंक र नकारात्मक अवस्था भेटिय ० अंक प्रदान गर्दा कुल ४० अंक प्राप्त गर्न सफल प्रास्तावहरुको प्राथीमिकरण गरिने छ। अन्यथा ४० भन्दा कम अंक प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मुल्यांकन तथा सिफारिस समितिमा पेश गरिने छैन।

**ग) आवेदकसंग बिध्यमान भवन, सवारी साधन, ठुला मेशिनरी र उपकरणहरुको विवरण**

| क्र.स. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने**

१.

२.

३.

**ङ) स्थलगत प्रमाणिकरण टोलको राय**

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदक संग लागत साझेदारी गरि प्रास्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुदैन भनि राय पेश गर्ने

| क्र.स. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची-७

### व्यवसाय योजना मूल्यांकनका आधारहरु

| क.स. | मूल्यांकनका आधारहरु | भार(प्रतिशत) | प्राप्तांक |
|---|---|---|---|
| **१** | **संस्थाको उमेर र अनुभव** | **१०** | |
| १.१ | ३ वर्ष भन्दा घटी | २ | |
| १.२ | ३ देखि ५ बर्ष सम्म | ३ | |
| १.३ | ६ देखि ८ बर्ष सम्म | ४ | |
| १.४ | ९ देखि ११ बर्ष | ५ | |
| १.५ | १२ भन्दा बढी | १० | |
| **२** | **कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | **२०** | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | बिजुली सुविधा भएको | २ | |
| २.३ | खानेपानीको सुविधा भएको | २ | |
| २.४ | जग्गा आफ्नै भएको | ८ | |
| २.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ४ | |
| **३** | **प्राबिधिक दक्षता समबन्धित बिषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको** | **१०** | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | ४ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ६ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ८ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | १० | |
| **४** | **वित्तीय क्षमता** | **४** | |
| ४.१ | साझेदारीको प्रतिवद्दता सामेल भएको | २ | |
| ४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिवद्दता भएको | २ | |
| **५** | **प्रत्यक्ष लाभान्वित सङ्ख्या** | **५** | |
| ५.१ | ५ जना सम्म | १ | |
| ५.२ | ५ देखि १० जना सम्म | २ | |
| ५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| ५.४ | १६ देखि २० जना सम्म | ४ | |
| ५.५ | २१ देखि २५ जना सम्म | ५ | |
| **६** | **वातावरणीय उपयुक्तता** | **६** | |

| | | | |
|---|---|---|---|
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु सामेल गरिएको | ३ | |
| **७** | **अन्य पक्षहरु** | **२०** | |
| ७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थितिर प्रस्ताविक कार्यक्रम संचालन स्थल बिचको तादात्म्यता | ५ | |
| ७.३ | प्रमुख संचालकको उमेर (४५ बर्ष वा कम उमेरको लागि पुर्णाक, ४६ देखि ५५ को लागि ३ अंक, ५६ देखि ६५ को लागि १ अंक र सो भन्दा बढीलाई शुन्य अंक) | ५ | |
| ७.४ | भैरहेको व्यवसाय नभइ लगानि गर्न खोजिएको नया व्यवसाय | ५ | |
| **८** | **स्वीकृत कार्यविधिका अनुसारका थप आधारहरु** | **२५** | |
| ८.१ | आवेदक संस्थाको किसिम र सूचना मुताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राबिधिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.४ | व्यवसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्याविधिको फर्मेट अनुसार | २ | |
| ८.६ | कार्ययोजनाको विवरण | ३ | |
| **९** | **मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन** | **५** | |
| **१०** | **पेश भएका विवरणहरुको विश्वसनीयता** | **५** | |
| १०.१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केंद्रको शिफारिस | १ | |
| १०.२ | स्थानीय बासिन्दाबाट विरोध नहुने प्रतिवद्दता | २ | |
| १०,३ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| १०,४ | आधिकारिक निकायमा दर्ता नवीकरण | १ | |
| | | | |
| | | | |

नोटः उपरोक्तानुसर व्यवसाय योजनाको मूल्यांकन गर्दा न्युनतम ५०% अंक प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन ।

## अनुसूची-८

### रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रम कार्यन्वयन द्विपक्षिय सम्झौता-पत्र

स्थानीय सरकार..................अजिरकोट गाउँपालिका पशुपन्छी सेवा शाखाको आ.व............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा रेन्बो ट्राउट माछा फर्म स्थापना कार्यक्रम संचालन गर्नका लागि मिति ..............गते प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन् आएका प्रस्तावहरु मध्ये यस गाउँपालिकाको मिति ......................को प्रस्ताब छनोट तथा भेरिफिकेसन समिति स्तरीय निर्णयबाट श्री ......................को प्रस्ताव छनौट भएको हुँदा .......................(यस पछी प्रथम पक्ष भनिने) र श्री ...................(यस पछी दोर्शो पक्ष भनिने) का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम संचालन गर्न मन्जुर भै यो सम्झौता गरिदियौ/लियौ । इति सम्बत ............साल...........महिना........गते.........रोज शुभम् ।

### तपसिल

१) रेन्बो ट्राउट मत्स्य उत्पादन कार्यक्रम कार्यक्रम ............जिल्ला .............गाउँपालिका............नं. वडाको..............गाउँ/टोलमा मिति..............सम्ममा सम्पन्न गरिनेछ ।

२) प्रथम पक्षले मत्स्य उत्पादन कार्यक्रम कार्यक्रम संचालनको लागि दोर्शो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका क्रियाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ ।

| क्र.स. | क्रियाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोर्शो पक्षले व्यहोर्ने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपि | | | | |

३) प्रथम पक्षले प्रदान गर्ने अनुदान रकमबाट प्रचलित नियमानुसार कन्टिजेंसी वापत र नियमानुसार अन्य कर कट्टा गरि (बाँकी रकम दोर्शो पक्षको बैंकखाता माफत भुक्तानी दिनेछ ।

४) दोर्शो पक्षले पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाइन र लागत इष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

५) दोश्रो पक्षले सुरुमा आफ्नो लगानीबाट कार्य प्रारम्भ गरि सम्पन्न गर्नुपर्नेछ ।

६) दोश्रो पक्षले काम सम्पन्न भय पश्चात कार्यसम्पन्न प्रतिबेदन, नियमानुसार बिल (प्यान तथा भ्याट ) भरपाइ र आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गरे पश्चात स्थलगत प्राबिधिक प्रतिवेदनको आधारमा मुनासिब ठहरिएमा सम्पूर्ण कार्य सम्पन्न भएको अवस्थामा अनुदान रकमको भुक्तानी प्रथम पक्षले गर्नेछ ।

७) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन जोखिम र दिगोपनको, व्यवस्थापन, मर्मत सम्भार, लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रीजित सबै प्रकारका दायित्व जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

८) यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य विपदहरुमा प्रथम पक्ष जिम्मेवारी हुने छैन ।

९) प्रथम पक्षले आर्थिक बर्ष सम्पन्न भएको एक महिना भित्रमा लेखा परिक्षण गरि दोर्शो पक्षलाई एक प्रति बुझाउनु पर्नेछ ।

१०) दोर्शो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिको) उपलब्धि एवं कारोबारको प्रगति प्रतिबेदन प्रथम पक्षलाइ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

११) कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा पर्मारिजन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२) सम्झौता उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधि प्रचलित कानुन र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

## अनुसूची-९

### प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु

१) रु. टाँसेको अनुसूची-२ बमोजिमको आवेदन ।

२) अनुसूची-३ बमोजिम ढाँचामा तयार गरिएको व्यवसाय योजना ।

३) अनुसूची-४ बमोजिमको प्रतिवद्धतापत्र ।

४) अनुसूची-५ बमोजिमको स्वघोषणा

५) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि

६) लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको करारनामा वा सम्झौता पत्र

७) प्रचलित कानुन बमोजिम अधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता, नवीकरण गरेको प्रतिलिपि

८) वडा कार्यलयको सिफारिस पत्र

९) मुल्य अभिबृद्धिकर(Vat) वा स्थायी लेखा नम्बर (Pan) दर्ता प्रमाण पत्रको प्रतिलिपि

१०) सहकारी/साझेदारिको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि

११) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपि

१२) व्यवसाय योजना मुताविकको डिजाइन र लागत अनुमान

१३) कार्यान्वयन स्थलको फोटो

१४) स्थानीय बासिन्दाबाट बिरोध नहुने प्रमाण

१५) नेपालि नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

## अनुसूची १०

## रेज्वे को नमुना

